# ठुलीभेरी नगरपालिकाको बालसंरक्षण नीति २०८०

## Child Protection Poliy of Thulibheri Municipality-2080



**प्रमाणीकरण मितिः २०८०।३।१०**

ठुलीभेरी नगरपालिकाको कार्यालय, जुफाल डोल्पा

२०८०

बाल संरक्षण नीति–२०८०

ठुलीभेरी नगरपालिका कार्यपालिकाबाट स्वीकृत तथा सिफारिस:

ठुलीभेरी नगरपालिका सभाबाट प्रमाणित:  २०८०।३।१०

सल्लाहकार

श्री श्वबर्ण कुमार बुढा, नगर प्रमुख, ठुलीभेरी नगरपालिका डोल्पा

श्री छिरिङ टोल्मा महत, नगर उप प्रमुख, ठुलीभेरी नगरपालिका डोल्पा

श्री सुकदेब लम्साल, प्रमुख प्रसाशकीय अधिकृत, ठुलीभेरी नगरपालिका डोल्पा

प्रकाशन मिति : २०८०।३।१०

**हाम्रो भनाई**



नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकको बारेमा स्पष्ठ रुपमा उल्लेख गरे बमोजिम प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित परिवार तथा राज्यबाट शिक्षा, पालन पोषण उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा विभिन्न क्रियाकलापमा वालसहभागितको हक सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख गरेको छ।

यसका साथ साथै बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाउने तथा अपहरण र बन्धक बनाउन नपाउने कुरा पनि संविधानमा उल्लेख गरिएकोछ। बाल श्रम, शोषण, दवाव तथा हिँसा जस्ता कुरा गर्न नपाउने बिषय पनि बालबालिकाको हकमा उल्लेख गरेको छ। विभिन्न रुपले असहाय, अनाथ, अपाङ्गता, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष आरक्षण र सुविधा पाउने हकको पनि व्यबस्था गरेको छ। बालबालिकाको सम्मान पूर्वक र सुरक्षित रुपमा संरक्षण सहित बाच्न पाउने अधिकार सुनिश्चित गर्ने सबैको जिम्मेबारी अनुसार हाम्रो पालिकाले पनि बाल संरक्षण नीति र कार्यान्यन मार्फत उनीहरुको अधिकार सुनिश्चित गर्ने कार्यमा अगाडी बढ्नुपर्दछ। बच्चाहरूलाई कुनै पनि प्रकारको दुरुपयोग र शोषणबाट जोगाउन र बच्चाहरूको लागि सुरक्षित वातावरण सिर्जना गर्न आबश्यक रहेकोले संविधाले निर्दिष्ठ गरेको अधिकार अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय सरकारको अधिकार अनुसार नीति र कार्यक्रमहरु निर्माण गरी कार्यान्यन गर्न आबश्यक रहेकाले यस नगरपालिकाले पनि बाल संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरेको छ।

ठुलीभेरी नगरपालिका, डोल्पाले पालिका भित्र रहेका बालबालिलाई हरेक रुपले संरक्षण गरी उनीहरुको उज्वल भविष्यका आधार तय गर्न वाल संरक्षण नीति २०८० तयार गरी कार्यान्वयनमा ल्याएको छ। यो बाल संरक्षण नीति २०८० निर्माणमा सहयोग प्रदान गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरु, प्राविधिक सहयोग प्रदान गर्ने प्लान ईन्टरनेसनल नेपाल र समाज जागरण केन्द्र नेपाल लगायत सम्पुण सरोकारवालाहरुमा बिशेष आभार प्रकट गर्न चाहन्छु। यो बाल संरक्षण नीतिको प्रभाकारी कार्यान्यन गर्न र बालबालिकाको हक अधिकार सुरक्षित गर्न बालबालिका संग सम्बन्धित सम्पुर्ण सरोकारवालाको भुमिका अहम हुने भएकाले यस नीति कार्यान्वयमा सम्पुर्ण सरोकारवालाको भुमिका र सहभागिताका लागि अपिल गर्दछु

धन्यवाद

श्वबर्ण कुमार बुढा

नगर प्रमुख

**१ पृष्ठभूमि** :

नेपालको संविधान, २०७२ ले बाल अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरी संविधाको धारा ३९ मा बालबालिकाको हक र अधिकार सुनिश्चित गर्ने गरी बालबालिकाहरुको विभिन्न हक व्यवस्था गरेको छ । बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ तथा नेपाल सरकारको स्थानीय सरकार सञ्चाल ऐन २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन २०५६, बालन्याय (कार्यविधि) नियमावली २०६३, आपत्कालिन बालउद्धार कोष (सञ्चालन) नियमावली २०६७, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जस्ता नीति, नियम र कानुनी व्यवस्था छ । यी व्यवस्थाले बालबालिकाले संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा विविध व्यवस्था गरेका छन् । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहार तथा कुनै पनि किसिमको हिंशा, दुव्र्यावहार, शोषण, हेलाबाट उनीहरुलाई जोगाउनु नै बालसंरक्षण हो । अहिलेको सन्दर्भमा कुनै पनि राज्य, समाज वा समुदाय कति सभ्य छ भन्ने केलाउने विभिन्न आधारमध्ये बालबालिकाको संरक्षणप्रति राज्य, समाज र समुदाय कतिको संवेदनशील छ भन्ने पनि रहने गरेको पाइन्छ । जहाँ अभिभावक, चेतनशील समाज र देश संवेदनशील हुन्छ, त्यहाँका बालबालिका प्राय सबै किसिमका जोखिमबाट सुरक्षित हुन्छन् । बालबालिकामाथि हुन सक्ने हानी अन्तर्गत भेदभाव, दुव्र्यवहार, हिंसा, यौनशोषण, बेचविखन र ओसारपसार, बालविबाह, जस्ता परम्परागत हानिकारक अभ्यासहरु, बेवास्ता उपेक्षा हेलचेक्रेयाइँ, अपहरण र आर्थिक शोषण÷बालश्रम शोषण आदिमा बालबालिका पर्न सक्छन् र त्यसबाट जोगाउन बाल संरक्षण कार्य गर्नु पर्दछन् । बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुन सक्ने हानिहरू एवं उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक लगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने जोखिमको पहिचान तथा रोकथाम, पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनस्थापना र पीडकलाई कानुनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् । बालबालिकालाई नकारात्मक अनुभव हुने सबै कारक तत्वहरूबाट जोगाईनुपर्ने हुन्छ । त्यसको लागि उनिहरूलाई मुख्यतः भेदभाव, दुव्र्यवहार, उत्पिडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, जोखिमपूर्ण काम, युद्ध, बेचविखन, ओसार पसार, वेवास्ता, कुलत, लागू पदार्थको दुव्र्यसन आदिबाट जोगाई कानुनी संरक्षण दिलाउनुपर्ने हुन्छ । बालबालिकाको अधिकार प्राप्तिको सन्दर्भमा व्याख्या गर्दा यस्तै नकारात्मक कुराहरू देखि बालबालिकालाई गरिएको संरक्षणलाई मुख्य रुपमा हेरिनु पर्दछ । बालबालिकाहरूलाई सबै प्रकारका शोषण तथा दुव्र्यवहारबाट बचाउन तथा संरक्षण दिनका लागि मार्गदर्शनको रुपमा यो बालसंरक्षण नीतिलाई अनुमोदन तथा स्वीकार गरेको छ । यसले बालबालिका माथि कस्तो व्यवहार गर्ने र बालबालिकाहरूमाथि आउन सक्ने अनुचित व्यवहार भएकोसूचना तथा जानकारी पाएमा के कदम चाल्नुपर्दछ भन्ने प्रष्ट मार्गनिर्देशन दिनेछ । आफ्ना आधारभूत अधिकारहरू गुमाउने जोखिममा रहेका बालबालिकाहरूका लागि सुरक्षित र उपयुक्त वातावरणको महत्व र आवश्यकतालाई महसुस गर्दै उनिहरूको अधिकारलाई वर्तमान र भविष्यमा संरक्षण र बचाउ गर्नको लागि योगदान पुर्याउने उदेश्य अनुरुप यो बाल संरक्षण नीति २०८० को दायराभित्र जुनै पनि समयमा जुनसुकै व्यक्तिलाई ल्याउन सक्दछ ।

२. बाल संरक्षणका सवाल र चुनौतिहरु

ठुलीभेरी नगरपालिकाकाका बाल संरक्षणका मुख्य सवालहरु निम्न रहेका छन्ः

- ❖ जन्मदर्ता मृत्यूदता लगायतका पञ्चिकरण दरमा कमी,
- ❖ बालश्रम, निकृष्ट प्रकारको श्रम तथा बधुवा श्रम समेत,
- ❖ बालबालिका बीच विभेद,
- ❖ बालबालिकाको बेचविखन तथा ओसारपसार,
- ❖ यौन शोषण र दुर्व्यवहार,
- ❖ लागूऔषध, दुव्यशनी र कुलतमा फसेका बालबालिका,
- ❖ घरेलु हिंसाका पिडित वा साक्षी,
- ❖ बाल बिवाह र वाल प्रेम बिवाह,
- ❖ घर, बिद्यालय, कार्यस्थल, समुदाय र विभिन्न कार्यक्रमहरुमा हुने हुने शारीरिक, यौनिक तथा मनोबैज्ञानिक हिंसाहरु (शारीरिक, मानसिक दण्ड समेत)
- ❖ विद्यालय भर्ना, कक्षा टिकाउदर
- ❖ पहिचानबाट बञ्चित बालबालिका
- ❖ द्वन्द्वबाट प्रभावित बालबालिकाहरू
- ❖ हानिकारक परम्परागत अभ्यासहरु

**३. वाल संरक्षण नीतिको आवश्यकता**

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु पर्दछ । बालबालिकामाथि हुने सबै खालका दूव्र्यवहार, शोषण, हेला बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याईँ, हिंसा अनि भेदभावबाट उनीहरुको संरक्षण गर्नुपर्दछ अर्थात उनीहरु माथि हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित हानी तथा नोक्सानीबाट ऊनीहरुको रक्षा गर्नु बालसंरक्षण हो । तर अहिले पनि विभिन्न बाहानामा बालबालिकाहरु एक ठाउँवाट अर्को ठाउँमा स्थानान्तरण हुन सक्छन् र जोखिममा पर्न सक्छन् । बालबालिकाहरु परिवार तथा समाजवाट अलग हुने, हिंसामा परी सामाजिक सेवाको पहुँचवाट टाढिएका, अभिभावक विहिन तथा संरक्षण विहिन भएका, लागुपदार्थ सेवन तथा कुलतमा फसेका, यौंन दुव्र्यवहारका शिकार भएका, शोषण तथा बेचविखनमा पर्न सक्छन । विद्यमान अवस्थामा बाल संरक्षणका सवाल कमजोर रहेको छ भने अर्को तर्फ कानूनको कमजोर कार्यान्वियन र बालन्याय प्रशासन प्रभावहीन रहेको अवस्थामा स्थानीय तहमा बालसंरक्षण संयन्त्रहरुको अहम भूमिका रहेको छ र यसका लागि समुदाय स्तरका संयन्त्रहरुलाई व्यापक परिचालन हुनु जरुरी छ । पालिकामा क्रियाशील संघ संस्थाहरुलाई नेपालले बालसंरक्षणको क्षेत्रमा तय गरेको कार्ययोजना कार्यान्वयनका लागि थप सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ । सामाजिक रुपमा व्यापक जनचेतनाको विकास र बालबालिकामाथि अपराध

गर्नेहरूलाई सामाजिक बहिष्कार र कडा कानूनी कारवाहीको प्रत्याभूति नभएसम्म बालबालिकाले सुरक्षित भएको महसुस गर्न सक्ने अवस्था रहदैन। त्यसैले बालसंरक्षणका क्षेत्रमा गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन, पालिका संग सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुलाई बालसंरक्षण अभियानमा प्रभावकारी र दीगो रुपमा सहभागिता जुटाउन, बालबालिकामाथि हुने सबै किसिमका बालसंरक्षण सम्बन्धी सवालहरुलाई रोकथाम भइसकेको अवस्थामा छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि बालसंरक्षण नीति तयार गरी लागू गर्नुपर्ने आवश्यकता रहेको छ।

**४. दीर्घकालीन लक्ष्य**

ठुलीभेरी नगरपालिकाका सबै वर्ग र समुदायका बालबालिकाको सरोकारवाल निकाय संगको समन्वय र सहकार्यमा बालअधिकारको संरक्षण र सम्वर्धन गर्न बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गरी बालअधिकारको प्रत्याभूती दिलाउने।

**५। प्रमुख उद्देश्य**

- ❖ बालबालिका माथि हुनेविभेद उपेक्षा तथा सबै किसिममा शारीरिक र मानसिक हिंसा, क्षति वा दुव्र्यवहार, बेचविखन, परित्याग, उपेक्षा, शोषण वा यौन दुव्र्यवहारबाट संरक्षण गर्ने।
- ❖ बालबालिका माथि हुने सबै किसिमका विभेद, हिंसा, बञ्चितीकरण, अपहेलना, बाल विवाह, बाल श्रम लगायत हानी पुर्याउने सबै अवस्थाको पहिचान र रोकथाम तथा न्यूनीकरणका लागि नीतिगत मार्गनिर्देशन तयार गरी बालबालिकालाई सुरक्षित राख्ने।
- ❖ बालसंरक्षणका क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालाहरुलाई संस्थागत सुदृढीकरणमा परिचालन गर्ने।

**६. नीतिहरुः**

- ❖ गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र भ्रुण पहिचान गरी गर्भ पतन गर्ने कार्यलाई अन्त गरिनेछ।
- ❖ बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्मदर्तालाई लिईनेछ। पालिकाभित्र जन्मेका वा बेवारिसे अवस्थामा फेला परेका कुनै पनि बालबालिकालाई अनिवार्य रुपमा जन्मदर्ता गर्ने व्यवस्था मिलाइनेछ। जन्मदर्ताको प्रक्रियालाई सरल बनाइनेछ।
- ❖ जन्मदर्ता गर्ने कानुनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वकोबारे सबै वडाहरु, अन्य सरोकारवाला व्यक्ति, समूह, संस्था तथा सर्वसाधारणलाई सेचतना अभिबृद्धि गर्ने कायत्र्रmम सञ्चालन गरिनेछ। विद्यालय भर्ना लगायतका अन्य कार्यक्रममा अनिवार्य जन्मदर्ता प्रमाणपत्रको आवश्यकता पर्ने व्यवस्था गरिनेछ।

- कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई निषेधित गरिनेछ । विषेश गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द्व लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिनेछ । द्वन्द्व प्रभावित बालबालिकाको उद्धार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ र तिनीहरुलाई लक्षित गरी राहतका कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिकाको यौन शोषण र यौन दुव्र्यव्यवहारलाई गम्भिर अपराधको रुपमा लिइनेछ । इन्टरनेट, इमेल, फेसबुक लगायतमा सामाजिक सञ्जाल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुव्र्यहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।
- साइबर क्राइमको न्यूनिकरणलाइए पूर्ण रुपमा कार्यान्वियन गरिनेछ ।
- आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई कुनै किसिमको अपहेलना जन्य कार्य गर्न नपाउने व्यवस्था गरिनेछ ।
- जोखिममा परेका र सिमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुर्नस्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।
- बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुव्र्यवहारलाई अपराध मानिनेछ । परिवार, शिक्षण सस्ंथा र बालगृहले बालबालिकालाई शरीरिक र मानसिक दुव्र्यवहार गर्न नपाईने व्यवस्था गरिनेछ ।
- कुनै पनि प्रयोजनका लागि बालबालिकाको ओसार पसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, उनीहरुको परिवार तथा समुदायमा पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।
- बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थालाई परिचालन गरिनेछ । बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि समुदायमा आधारित संघसंस्थाहरु संग समन्वय गरी कार्यक्रम सञ्चालन गरीने छ ।
- बालविवाह र बाल प्रेम विवाहलाई निरुत्साहित गर्न बालबालिका र अभिभावक दुबै पक्षलाई सचेतीकरण गरिनेछ । समुदायमा रहेका धार्मिक गुरुहरुको, सामाजिक अगुवा समेत सहभागीतामा बालविवाह न्यूनीकरण कार्यमा परिचालन गरिनेछ ।
- बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न सुन्य सहनसिलता नीति अबलम्बन्भ गरिनेछ । बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइने छ ।
- उद्धार गरिएका बालश्रमिकको व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ साथै निकृष्ट लगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रम संचालन गरिनेछ । बाल श्रमिक राख्नेलाई घर परिवार तथा उद्योगी व्यवसायीहरुको अभिलेख राखि वडा तथा पालिकाबाट उपलव्ध हुने सेवा र सुविधाबाट वञ्चित गर्ने नीति लिईनेछ ।

- स्वास्थ्य सेवामा एच.आई.भि र एड्स संक्रमित बालबालिकाको पहुँचलाई थप सहज बनाइनेछ । एच आइ भी र एड्सबाट रोकथाम, सुरक्षा उपायहरु, रक्त परीक्षण लगायत एच.आई.भि. र एड्स शिक्षा सम्वन्धमा व्यापक सचेतना अभिवृद्ध गर्ने व्यवस्था गरिनेछ ।
- एच.आई.भि र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको निमित्त स्वास्थ्य उपचार, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ ।
- एच.आई.भि र एड्स संक्रमित बालबालिकाको पहिचान खुल्ने विवरणलाई गोप्य राख्ने व्यवस्था मिलाईनेछ । आमाबाट शिशुमा एच.आई.भि.एड्स संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ ।
- कुनै पनि कारणले आन्तरिक रुपमा विस्थापितभएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ । आन्तरिक रुपमा विस्थापित बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चित व्यवस्था मिलाईने छ ।
- अपाङगता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ । अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ । अपाङगता भएका बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुंचको व्यवस्था सुनिश्चित गरिनेछ ।
- अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहयोगी समान, उपकरण तथा पुस्तक निःशुल्क रुपमा वा कर छुटमा आयात गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक स्थल तथा भवनहरु, सूचना संचारका अतिरिक्त क्रियाकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधारहरु र संयन्त्र विकास गरिनेछ ।
- पूर्ण अशक्त अपाङ्गता भएका बालबालिकाको लागि संरक्षणको थप व्यवस्था गरिनेछ ।
- बाबु आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमामध्ये एक भएपनि पालन पोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्नेव्यवस्था गरिनेछ ।
- बालबालिकाको आफ्नै आमा, बाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवद्र्धन गर्न पारिवारिक सहयोग, बैकल्पिक हेरचाह, व्यवसायिक तालिम, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बालगृह मार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रवद्र्धन गरिनेछ र मौजुदा बालगृह संचालनको न्यूनतम मापदण्डलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- संरक्षण विहिन बालबालिकाको अभिलेख दुरुस्त राखिने व्यवस्था मिलाइनेछ । यस्ता बालबालिकाको अवस्था पहिचान, आवस्यकता अनुसार उद्दार एवं पुर्नस्थापना गर्ने कायक्र्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग मनोसामाजिक परामर्श लगायत कायत्र्रmम सञ्चालन गरिनेछ ।
- परम्परागत हानीकारक अभ्यासहरु विरुद्ध प्रचार प्रशार गरिनेछ । परम्परागत हानीकारक अभ्यासहरुमा संलग्न गराइएका बालबालिकालाई उद्धार गरी, पारिवारिक पुनस्र्थापनाको व्यवस्था गरिनेछ ।

- पारिवारिक वातावरणबाट स्थायी वा अस्थायी रुपमा वञ्चित भएका बालबालिका वा त्यहाँ तिनीहरुको सर्वात्तम हित हुन नसक्ने बालबालिकालाई वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रुपमा मात्र बालबालिकालाई संरक्षणमा दिईने व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कायात्रवयन गरिनेछ।
- लागू औषध र अन्य दुव्र्यवहारमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि नीजि क्षेत्रसंग समन्वय गरी समन्वय, उपचारात्मक मनोविमर्श तथा अन्य सहयोग कार्यक्रम संचालन गरिनेछ। बालबालिकालाई धुम्रपान, मद्यपान विक्री वितरणमा निरुत्साहित गरिनेछ।
- अपाङ्ग, अनाथ,सडक बालबालिका, सुविधाबाट बञ्चित, द्वन्द्व प्रभावित÷ आन्तरिक रुपमा विस्थापित, बेच बिखन– ओसार पसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा संरक्षकसँग रहेका, अल्पसंख्यक, दलित र गरिब बालबालिका समेतको अधिकार संरक्षणका लागि सेवामा उनीहरुको पुहँच सुनिश्चित हुने कार्यक्रम संचालन गरिनेछ।
- बेवारिसे रुपमा फेला परेका बालबालिकाहरु, तीनका आमा—बुबा, वा अभिभावक वा संरक्षककर्ताको व्यवस्था गरिनेछ।
- बालबालिका माथि हुने विभेद, हिंसा, बञ्चितीकरण, अपहेलना, बाल बिवाह, बाल श्रम लगायत हानी पुर्याउने सबै अवस्थाको पहिचान, रोकथामका लागि नीतिगत मार्गनिर्देशन तयार गरी बालबालिकालाई सुरक्षित राख्ने।
- बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाँउमा वा समुदायमा सबै प्रकारका विभेद, हिंसा, वञ्चितीकरण, अपहेलना, बाल श्रम लगायत हानी पुर्याउने सबै अवस्थाको पहिचान, रोकथामका लागि विषेश नीति लिई कार्यक्रम संचालन गरिने छ।
- बालबालिकाको निम्ति क्रियाशील सरकारी तथा राष्ट्रिय–अन्तर्राष्ट्रय गैरसरकारी सघ सस्थाहरुलाई अनिवार्य रुपमा बाल संरक्षण योजना बनाई सो अनुसार काम गर्न लगाइनेछ र सोको अनुगमन गरिनेछ।
- बालसंरक्षणका क्षेत्रमा कार्यरत नगरस्तरीय, जिल्लास्तरीय तथा प्रादेशिक क्षेत्रभित्र कार्यरत सरकारी निकायहरु तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी डालेकोष खडा गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- सेवाप्रदायक, बालबालिका र जिम्मेबार निकायहरुसमेत सबैमा बालसंरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ।
- पालिका क्षेत्रभित्रका सम्पूर्ण गाउवासीहरुलाई लक्षित गरी यस क्षेत्रमा क्रियाशिल संस्थाहरु, बालमैत्री स्थानीय शासन समिति,बाल अधिकार समिति, वडा बालअधिकार समिति, टोल संगठन, लगायत स्थानीय स्तरका बालसंरक्षण संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी जवाफदेहिता विकास गरिनेछ।

- संस्थागत, सार्वजनिक, सामुदायिक विद्यालयहरुमा शिक्षक तथा व्यवस्थापन पक्षबाट बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिइने वातावरण सृजना गर्नका लागि शिक्षा महाशाखा, प्याबसन, एनप्याब्सन, विद्यालयहरुसँग प्रभावकारी समन्वय गरिनेछ।
- घर परिवार, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार अपहेलना गर्न नपाउने व्यवस्थाको सुनिश्चितका लागि बालबालिकाको संरक्षणका लागि उनीहरुको निकट सम्पर्कमा रहने घर परिवार, समुदायका सदस्य, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता, प्रहरी आदिको क्षमता अभिवृद्धि गरिनेछ।
- राजनैतिक दल तथा ट्रेड युनियनको समन्वयमा राजनैतिक प्रयोजनाका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित गरिनेछ।
- पालिकाको बाल अधिकार  समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधारविन्दुको रुपमा विकसित गरी थप प्रभावकारी बनाइनेछ।
- समुदायमा आधारित बालसंरक्षणलाई प्राथमिकता दिई विद्यमान संयन्त्रहरुको क्षमता विकास गरी परिचालन गरिनेछ।
- बालसंरक्षणका क्षेत्रमा वडा स्तरीय कार्ययोजना बनाई वडा समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- बालबालिकसँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका सरोकारवाल अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग मिलेर काम गरिनेछ।
- सेवा प्रदायक, बालबालिका र जिम्वेवार निकायहरु समेत सबैका बाल अधिकार र संरक्षणका सम्वन्धमा संवेदनशिलता र जवाफदेहिताको विकास गरिनेछ।
- आपतकालिन अवस्था (प्रकृतिक प्रकोप तथा मानव सृजित प्रकोप) लाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणलाई पहिलो प्राथमिकतामा राखी पूर्व तयारी सहितको विपद् प्रतिकार्य योजना तयार गरी आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ।
- बाल संरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरिनेछ । पालिकाको वार्षिक कायक्रम र बजेट विनियोजनमा बाल संरक्षणसम्वन्धी कार्यक्रमलाई प्रार्थमिकता दिईनेछ । बाल संरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्वोधन गर्न न्यायिक समिति लगायत सम्वन्धित सरकारी निकायलाई स्पष्ट जिम्वेवारीको व्यवस्था गरिनेछ।

## ७. रणनीतिहरु

ठुलीभेरी नगरपालिकाको बालसंरक्षण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि देहायबमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ।

- ठुलीभेरी नगरपालिकाको ध्यये र उदेश्य बमोजिम पालिकालाई बालमैत्री पालिकाको रुपमा स्थापित गर्न बालमैत्री स्थानीय शासन २०६८ का साथै स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुसार बालमैत्री घर, टोल, बालमैत्री विद्यालय, बालमैत्री बाल सरोकारवाल निकायहरु (स्वास्थ्य संस्था, स्थानिय तह, प्रहरी, प्रशासन, संचार माध्यम, गैसस तथा विभिन्न शाखाहरु, टोल तथा वडा कार्यालयहरु आदि) लाई बालमैत्री घोषणा गरी बालमैत्री पालिका घोषणा गर्ने।
- बाल संरक्षणका लागि बहस, पैरबी र वकालत एवं चेतना अभिबृद्धिमा जोड दिने।
- वडा तथा नगरपालिका स्तरमा गठन गर्नु पर्ने बाल सरोकारवाला सञ्रचनाको गठन तथा गठन भएका बालसरोकारवाला निकायहरु तथा संस्थाहरुको क्षमता विकास, परिचालन तथा क्रियाशिलतामा जोड दिदै बाल संरक्षण प्रणालीलाई संस्थागत गर्दै जाने।
- बालबालिकासँग सम्वन्धित सेवाको प्रभावकारिताका लागि जवाफदेहिता र पारदर्शिता।
- कार्यक्रमको प्रभावकारिता र गुणस्तरका लागि दक्ष जनशक्तिको सूची तयार गरी परिचालन गर्ने।
- स्थानीय स्रोतको पहिचान र उच्चतम व्यबस्थापन गर्ने।
- बालसंरक्षण सम्बन्धी कानूनहरुको प्रचारप्रसार र कार्यान्वयनमा जोड।
- बाल अधिकारको स्थिति विश्लेषण, योजना तर्जुमा र लगानीको सुनिश्चितता।
- स्थानिय स्तरमा आचारसंहिता तथा नीति निर्माण र कार्यान्वयन गर्ने।
- बाल संरक्षणका लागि बालबालिकाको सशक्तीकरण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- अधिकार, कतव्र्य र जवाफदेहिताको प्रवद्र्धन गर्ने।
- बालसंरक्षण सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकायहरुसँग नियमित समन्वय र सहकार्य गर्ने।
- संस्थागत विकास, क्षमता अभिवृद्धि , सामुदायिक परिचालन गर्ने।
- सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने।
- सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन गर्ने खालका क्रियाकालापहरु सञ्चालन गर्ने।
- सूचना व्यवस्थापन गर्न बालअधिकार समिति र सूचना शाखाको क्षमता विकास गर्ने।
- नतिजामुखी एकीकृत योजना तयारी गर्ने।
- बालसंरक्षण नीतिलाई बालसंरक्षणको आधारको रुपमा विकास गर्ने।
- सिफारिस प्रणालीको विकास तथा कृयाशिल गराउने र घटना ब्यवस्थापन प्रकृयाको अवलम्वन गर्ने।
- बालकोष गठन र परिचालन र्गे।
- बालक्लव, बालक्लव संञ्जाल गठन तथा परिचालन गर्ने।

## ८. मुख्य मुख्य कार्यक्रमहरु

- छोरा छोरी बराबरी भन्ने मुल मर्मका आधारमा समुदायमा सचेतना फैलाउने र सोही बमोजिमको स्याहार सुसार र शिक्षा दिने गरी अभिमुखिकरणहरु र चेतनामुलक कार्यक्रमहरु गर्ने ।
- जन्म दर्ता सम्वन्धि सचेतना अभियान संचालन गरी ३५ दिनभित्र जन्मदर्ता गराउने अभिभावकलाई सम्मान गरिने।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान÷तथ्याङक संकलन र जन्म दर्ता अभियान सञ्चालन।
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम (टोलविकास, लैगिंक हिंसा निगरानी समूह, आमा समूह, स्वयम सेविका, बालक्लव) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामूलक आय आर्जन कार्यक्रम।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार कायक्रम सञ्चालन (रेडियो, टिभि, पत्रपत्रिका तथा अन्य मिडिया) ।
- बैवाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेधित अभियान संचालन तथा रोकथामका लागि लामा तथा अन्यय धार्मिक अभियान्ता आदिलाई चेतनामूलक तालिम संचालन तथा घटनाको पहिचान तथा पैरवी अभियान सञ्चालन ।
- बाल श्रममा रहेका बालबालिकाको उद्धार र पुनस्थापना कार्यक्रम तथा अभिभावकलाई आर्यआर्जनका क्रियाकलापहरुमा सहयोग।
- बाल श्रममा रहेका बाल बालिको स्थिति विवरण संकलन, अद्यावधिक तथा बिश्लेषण र पहिचात।
- बाल श्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि÷तालिम जस्तौ बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुव्र्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सूचना व्यास्थापन आदि ।
- बालश्रममुक्त टोल तथा वडा घोषणा ।
- पालिका भित्र ब्यावसाय दर्ता गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नवीकरण गर्दा बाल श्रम नरहेको भनी सिफारिस प्राप्त भए मात्र नवीकरण गर्ने प्रचलन स्थापित गर्ने र गाउपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनी अनिबार्य सर्त उल्लेख गर्नु पर्ने ब्यवस्था अवलम्वन गर्ने।
- किशोरी जीवनोपयोगी सीप तालिम आयआर्जन कार्य सञ्चालन।
- सडक, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकीकरण तथा पुर्नस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दिर्घकालिन गृहको स्थापना, संचालन एवं पारिवारिक सहयोग कार्यक्रम।
- हिंसा, शोषण, दुव्र्यवहार, वेचविखन न्यूनीकरणका लागि घर, परिवार विद्यालय तथा समुदायमा सचेतनामूलक अभियान संचालन।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन।
- शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन।

- बाल बालिकालाई लागूपदार्थ तथा कूलत बाट संरक्षण सम्बन्धी अभियान, दुव्र्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम।
- घरपरिवार र समुदायबाट बालबालिकाविरुद्धहुने हिँसा, बेचबिखन, शोषण, दुव्र्यवहार जस्ता घरेलु हिंसा कमगर्ने सम्वन्धमा क्षमता अभिबृद्धि तालिम । हंसा, बेचबिखन, शोषण, दुव्र्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम।
- हिंसा, बेचबिखन, शोषण, दुव्र्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यक्रम संञ्चालन (लैङ्गिक हिंसा निगरानी समूह,सहकारी, टोल सुधार, बाल क्लब, आमा समूह,जनप्रतिनिधिहरु का लागि समेत )
- कुनै पनि हिंसा, बेचबिखन, शोषण, दुव्र्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुर्नस्थापना केन्द्र संचालन।
- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, संचालन तथा व्यवस्थापना । बाल बिज्याईमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढीकरण कार्यक्रम।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान।
- बाल यौन हिंसा शोषण तथा दूव्र्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी।
- अपाङ्ग बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम।
- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु।
- बालसंरक्षणका लागि बालकोषको स्थापना।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सूचीकृत गर्ने,सेवा मापन गर्ने तथा आवस्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबद्र्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने।
- बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने।
- सिफारिस संयन्त्र विकास,बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने।
- बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।
- बार्षिक रुपमा बालकालिकाको स्थितिपत्र प्रकाशन गर्ने
- घटना ब्यवस्थापन प्रक्रियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने

- ❖ बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने,
- ❖ बालक्लव तथा बाल संञ्जाल गठन, दर्ता तथा परिचालन
- ❖ बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिका लागि सिफारिस
- ❖ अल्पकालिन आश्रय स्थल संञ्चालन, बालगृह अनुगमन नियमन तथा कार्वाही र सिफारिस
- ❖ बैकल्पिक स्याहरका लागि सिफारिस,आपतकालिन उद्धार तथा संरक्षकत्व प्रदान
- ❖ बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने,।

**९. संस्थागत व्यवस्था र क्षमता विकास**

बालवालिकाको संरक्षणका निमित्त यस संग कार्य गर्ने सम्पुर्ण सरोकारवाला र संलग्न क्षेत्रहरुको क्षमता विकास हुन आबश्यक छ। सेवा प्रवाह र कार्यान्वयनको पक्ष बलियो नहुन्जेल बालबालिकाको संरक्षण र सुरक्षा नहुने भएकाले सबै सरोकारवाला निकायहरुको क्षमता विकास अति आबश्यक छ । बालबालिकाको जन्म दर्ता गर्न स्थानीय पञ्जिकाधिकारीहरुको क्षमता विकास गरी सक्रियता बृद्धि गरिनेछ । जन्म दर्ता गर्न र परिवार विहिन, परित्यक्त र वेवारिसे बालबालिकाको अभिलेख राख्ने कार्यका लागि संस्थागत क्षमता विकास गरिनेछ । संरक्षण विहिन बालबालिकाको उद्धार, पुनरुस्थापना र सामाजिकीकरणका लागि संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाउन बनाउदै लगिनेछ । नगरपालिकाको वडा तहमा बाल अधिकारको विषयमा प्रभावकारी सुपरीवेक्षण र समन्वय गर्नेर बाल अधिकार संरक्षण सम्बन्धी क्रियाकलापको समन्वय गर्ने निकायका रुपमा सुदृढ गरिनेछ। बाल न्यायसँग सम्वद्ध पालिका भित्रका प्रहरीकार्यालय र सरोकारवाल निकायलाई साधन सम्पन्न बनाई क्षमता विकास गरिनेछ। समुदाय तहसम्म बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय, सहकार्य तथा पैरवी गर्न सम्बन्धित विषयका पालिकामा काम गर्ने कर्मचारी विकासका साझेदारनिकायहरु र बाल क्लव वा बालबालिकाको संघसंस्थाका प्रतिनिधिहरुको संयुक्त सञ्जाल विकास गरिनेछ । यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न विषयगत क्षेत्र, स्थानीय संघ संस्था विकासका साझेदार र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ। बाल संरक्षणमा कार्य गर्ने नियकारहरु तथा संस्थाहरुको मानवीय र भौतिक रुपले साधन सम्पन्न बनाई क्षमता अभिबृद्धि गरिनेछ। पालिकामा बालमैत्री कक्ष निर्माण गरि प्रविधि र पूर्वाधार युक्त बनाइनेछ र संघसंस्थामा सूचना सञ्जालको निर्माण गरिनेछ । बालबिवाहलाई निरुत्साहित गर्न बालक्लब, बालसंरक्षण समिति, स्थानीय स्तरमा रहेका बालसंरक्षण संयन्त्रलाई बालबिवाह बिरुद्ध आ–आफ्नो ठाउँबाट कानुन कार्यान्वयनका लागि वकालत गर्ने संस्थाको रुपमा विकास गरिनेछ।। पालिकामा बाल अधिकार समिति तथा वडा बालअधिकार समिति लगाएतका संयन्त्रहरुलाई क्रियाशील गराइनेछ । कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ । नगरपालिकाको बालअधिकार समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधार बिन्दुको रुपमा विकसित गरी सरोकारवाला निकायसँगको सहकार्यमा थप प्रभावकारी बनाइनेछ ।

## १०. उजुरी तथा गुनासो सम्वन्धी ब्यवस्था

कुनै संस्था, व्यक्ति वा निकायले यस बाल संरक्षण नीति विपरितको कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा, बाल संरक्षण नीति विपरितको कार्य गरेमा पिडितका तर्फबाट पिडित स्वयं वा निजको तर्फबाट जुन सुकै ब्यक्ति वा निकायले बाल अधिकार समितिमा उजुरी गर्न सक्नेछ। यसरी परेको उजुरी माथी बालअधिकार समितिले छानविन गरी आवस्यक कार्वाही अघाडी बढाउने छ।

## ११ अनुगमन र मूल्याङ्कन

ठुलीभेरी नगरपालिकाको बालसंरक्षण नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाको प्रमुखको संयोजकत्वमा, बालअधिकारकर्मी, सामाजिक कार्यकर्ता, गैरसरकारी संस्थाको प्रतिनिधि, कानूनविद्, मनोसामाजिक विशेषज्ञ सहित बाल अधिकार समितिकबाट तोकिएको व्यक्ति फोकल पर्सन सदस्य सचिव रहने गरी अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ। उक्त समितिले आफ्नो कार्यबिधि आफै तय गर्नेछ। अनुगमन तथा मूल्याङ्कनमा समितिको प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ।

## १२ सजायः

कुनै संस्था, व्यक्ति समुह वा निकायले यस बाल संरक्षण नीति विपरितको कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

## १३ नीतिको प्रचार प्रसार तथा कार्यान्वयन

पालिकाकाको बालसंरक्षण नीति पारित गरेपश्चात पालिकाका प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ। त्यस्तै संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम्स्थानीय गैससबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ। आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि नगरपालिकाको महिला तथा बालबालिका हेर्ने शाखा प्रमुखलाई जिम्वेवारी तोकी नीतिको कार्यान्वयनमा जोड दिइनेछ। पालिकाको प्रत्येक वडाहरुका कार्यक्रममा बालसंरक्षण सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ। पालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ। सरकारी निकायहरु विषेशत जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, अन्य स्थानीय तहहरुसँगका साथै उपभोक्ता समूहहरु र विकासका साझेदारहरुबीच कार्यक्रमको प्रकृतिअनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन थप सहयोग लिईनेछ। आवश्यक मात्रामा बालसंरक्षणका सवालमा थप ध्यान दिनको लागि समितिहरुको गठन गरी कार्यक्रममा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ।

## १४. नीतिको पुनरावलोकन र सुधार

ठुलीभेरी नगरपालिकाबाट जारी गरिएको यस बालसंरक्षण नीतिलाई थपघट गर्नूपरेमा आवश्यकता अनुसार तर प्रत्येक ३ वर्षमा अनिवार्य नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा पुनरावलोकन तथा सुधार गरिनेछ।